**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

## चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्याः ११ मितिः २०८०/११/१५

**भाग-२**

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको

सूचना

## चिशंखुगढी गाउँपालिकाको
## आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट प्रमाणित मिति: २०८०/११/१४

राजपत्रमा प्रकाशित मिति: २०८०/११/१५

**प्रस्तावना**

चिशंखुगढी गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन, उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, गाउँपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन गाउँपालिकाले स्थापना गरेको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारण गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ। कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सैनी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

# सामाग्री तालिका


आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० ........ १

प्रस्तावना ........ १

१. संक्षिप्त नाम र प्रारम्भः ........ ३

२. परिभाषाः ........ ४

अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन ........ ५

३. समितिको गठनः ........ ५

४. पदावधिः ........ ५

५. पदावधि रिक्त हुनेः ........ ५

६. काम, कर्तव्य र अधिकारः ........ ५

७. समितिको बैठक र सञ्चालन विधिः ........ ८

कोष तथा लेखा परीक्षण ........ 8

८. अस्पतालको कोषः ........ ८

९. कोष तथा खाता सञ्चालनः ........ ९

१०. लेखा परीक्षणः ........ ९

११. बैठक भत्ताः ........ १०

१२. सेवा शुल्क सम्बन्धी व्यवस्थाः ........ १०

जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन ........ १०

१३. जनशक्ति व्यवस्थापनः ........ 10

१४. अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः ........ ११

१५. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः ........ ११

१६. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकारः ........ १२

१७. औषधि खरिद, भण्डारण तथा वितरणः ........ १२

१८. फार्मेसी सञ्चालन गर्नेः ........ १३

१९. एम्बुलेन्स सञ्चालनः ........ १३

२०. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः ........ १४

२१. सेवा व्यवस्थापनः ........ १४

सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन ........ १७

२२. अस्पताल सूचना प्रणालीः ........ १७


सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

२३. गुनासो व्यवस्थापनः ........ १८

२४. प्रेषण सम्बन्धी व्यवस्थाः ........ १८

विविध ........ १९

२५. अस्पतालको छापः ........ १९

२६. अस्पतालको संगठन संरचनाः ........ १९

२७. साझेदारी गर्न सक्नेः ........ १९

२८. वार्षिक प्रतिवेदन पेश गर्नेः ........ १९

२९. निर्देशन पालना गर्नुपर्नेः ........ १९

३०. थप दायित्व सृजना गर्न नहुनेः ........ १९

३१. अधिकार प्रत्यायोजन गर्न सक्नेः ........ १९

३२. कार्यविधिको पालना गर्नुपर्नेः ........ १९

३३. व्याख्या गर्ने अधिकारः ........ १९

३४. प्रचलित कानून बमोजिम हुनेः ........ २०

३५. संशोधनः ........ २०

३६. समायोजनः ........ २०

अनुसूची-१ ........ २१

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा ........ २१

अनुसूची-२ ........ २१

अस्पतालको छाप ........ २१

अनुसूची-३ ........ २२

डिस्चार्ज फाराम ढाँचा ........ २२

अनुसूची-४ ........ २३

आधारभूत अस्पतालमा रहने जनशक्ति/कर्मचारी दरबन्दी विवरण ........ २३

अनुसूची-५ ........ २४

सेवा शुल्क सम्बन्धी व्यवस्था ........ २४

Lab ........ २४


सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

## १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "चिशंखुगढी गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "अस्पताल" भन्नाले चिशंखुगढी गाउँपालिकाले सञ्चालन गरेको आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरू मध्ये सबैभन्दा वरिष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) "कार्यविधि" भन्नाले आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्छ ।

च) "संयोजक" भन्नाले स्थायी कर्मचारीमध्येबाट समितिले गाउँपालिका र अन्य निकायसँग समन्वय, पत्राचार आदि कार्य गर्न तोकेको व्यक्ति सम्झनु पर्छ ।

छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

ज) "गाउँपालिका" भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्छ ।

झ) "गाउँपालिका क्षेत्र" भन्नाले चिशंखुगढी गाउँपालिकाको भू-भाग सम्झनु पर्छ ।

ञ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष तथा सदस्य लगायतका पदाधिकारी सम्झनु पर्छ ।

ट) "समिति" भन्नाले दफा ३ बमोजिम गठित आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ठ) "शाखा" भन्नाले चिशंखुगढी गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

ड) "जनशक्ति" भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सम्झनु पर्छ ।

ढ) "गाउँसभा" भन्नाले चिशंखुगढी गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
चिशंखुगढी गाउँपालिका
सैनामैना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

# परिच्छेद-२

## अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

**३. <u>समितिको गठनः</u>**

१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | : अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | : सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| घ) सामाजिक विकास समिति संयोजक | : सदस्य |
| ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | : सदस्य |
| च) गाउँ कार्यपालिकाको प्रशासन शाखा प्रमुख | : सदस्य |
| छ) गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा प्रमुख | : सदस्य |
| ज) स्थानीय समाजसेवी मध्ये महिला सहित दुई जना | : सदस्य (कार्यपालिकाबाट मनोनित) |
| झ) अस्पताल प्रमुख | : सदस्य सचिव |

२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**४. <u>पदावधिः</u>**

समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ३ (तीन) वर्षको हुनेछ।

**५. <u>पदावधि रिक्त हुनेः</u>** निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछः

क) मृत्यु भएमा,

ख) राजिनामा दिएमा,

ग) बिना सूचना लगातार ३ (तीन) पटक समितिको बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,

ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

**६. <u>काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवम् दीगो सेवा प्रवाहको लागि स्वास्थ्यको उन्नती र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने।

घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक प्रबन्ध मिलाउने।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवम् वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने। अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने।

छ) सर्व-सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा स्वास्थ्य प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

ज) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने।

झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, जेष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यकताको प्रबन्ध मिलाउने।

ट) अति विपन्न, आधा असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाउने।

ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याङ्क अध्यावधिक गर्न एवम् सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने।

ड) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गरी सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

थ) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि अस्पताल समितिले कार्यपालिकालाई सिफारिस गर्ने ।

ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

न) अस्पताल सञ्चालनका लागि गाउँपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

प)अस्पतालबाट संचालनका लागि गाउँपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच. एम. आइ. एस. (HMIS) अनुसार तयार गरी डि.एच.आई.एस.२ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

ब) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीतिबमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्ने।

म) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय चिशंखुगढी गाउँपालिका सैनी, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

**७. <u>समितिको बैठक र सञ्चालन विधिः</u>**

१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तीमा ३ (तीन) महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

२) समितिका सदस्यहरूको बहुमतको उपस्थितिमा भएका बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

३) समितिको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ ।

५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद-३
## कोष तथा लेखा परीक्षण

**८. <u>अस्पतालको कोषः</u>**

१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् र संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख) गाउँपालिकाबाट प्राप्त रकम ।

ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

ड) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

च) अस्पतालले सञ्चालन गरेको सेवा वापत् प्राप्त रकम ।

छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

३) उपनियम (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

५) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको उपयोग गर्न सक्नेछ ।

**९. <u>कोष तथा खाता सञ्चालनः</u>**

१) समिति र अस्पतालको आय-व्याय दुरुस्त राख समितिले निर्णय गरी तोकेका २ जना पदाधिकारी वा कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय-व्याय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजू अभिलेख, बेरुजू फछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ ।

६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

**१०.<u>लेखा परीक्षणः</u>**

१) समितिले तोकिए बमोजिम अस्पतालको आय-व्यायको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनाँ, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

२) आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ।

३) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको श्रेस्ता सँगै महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ।

**११.** **बैठक भत्ताः** समितिका सदस्यहरूको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावली बमोजिम कोषबाट व्यहोरिनेछ ।

**१२.** **सेवा शुल्क सम्बन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ। तर, निःशुल्क भनि तोकिएका सेवा शुल्क लिन पाइने छैन । अनुसूची ५ बमोजिम हुनेछ ।

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैनाँ, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

## परिच्छेद-४

## जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

**१३.** **जनशक्ति व्यवस्थापनः**

१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका जनशक्ति रहनेछन्ः

क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोक सेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति,

ख) करार सेवामा भर्ना गरिएका जनशक्ति,

ग) अभ्यासकर्ता- छात्रवृत्ती प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थी ।

घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउने व्यक्तिहरू ।

ङ) विभिन्न शैक्षिक संस्थाहरूबाट इन्टनसीप (OJT) विद्यार्थीहरू ।

२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालको कोषबाट सेवा सुविधा पाउने गरी कार्यपालिकाको निर्णयअनुसार सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्धति अनुरूप गाउँपालिकाको विद्यमान कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरूको सेवा शर्त र सुविधा गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ।

५) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

६) आधारभूत अस्पतालमा रहने जनशक्तिको दरबन्दी अनुसूची ४ बमोजिम हुनेछ। गाउँ कार्यपालिकाले समितिको सिफारिसमा जनशक्तिको दरबन्दी संशोधन गर्न सक्नेछ।

(७) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ।

८) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ।

९) अस्पतालका प्रमुख र अस्पतालमा कार्यरत अन्य कर्मचारीले कार्यसम्पादन करार प्रमुख प्रशासकीय अधिकृत सँग गर्नु पर्नेछ।

१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउनेछ।

११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतीमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

१२) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

**१४.अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः**

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनतम शैक्षिक योग्यता पुगि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालको प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ।

**१५.कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधा:**

कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा बिदा प्रचलित कानून बमोजिम तथा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
चिशंखुगढी गाउँपालिका
सैनी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

**१६. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकारः**

१) अस्पताल व्यवस्थापन समितिको अधीनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने।

२) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने।

३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने।

४) अस्पतालको गुणस्तर कायम राख, क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिको निर्णयलाई कार्यान्वयन गर्ने।

५) अस्पतालको प्रमुख भई कामकाज गर्ने। अस्पताल प्रमुखको पद (दरबन्दी) रिक्त रहेको अवधिमा कार्यरत कर्मचारी मध्ये वरिष्ठ कर्मचारीलाई अस्पताल प्रमुख मानिनेछ ।

६) अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार समितिको बैठक बोलाउने ।

७) बैठकको निर्णय प्रमाणित गर्ने र सुरक्षित राखे ।

८) अन्य कामकाज समितिले तोकिए बमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको कार्यालय चिशंखुगढी गाउँपालिका सैनी, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

**१७. औषधि खरिद, भण्डारण तथा वितरणः**

१) गाउँपालिकाबाट निःशुल्क वितरण गरिने औषधि बाहेक अस्पताल फार्मेसीबाट विक्री वितरण गरिने आवश्यक औषधि खरिद अस्पताल समितिले गर्नेछ, खरिद गरिएको औषधिको विक्री गरिएको रकम नियमानुसार अस्पतालको कोषमा दाखिला गर्नु पर्नेछ ।

२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरी गाउँपालिकालाई सिफारिस गर्ने,

३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नु पर्नेछ,

४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ.

५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नु पर्नेछ,

६) औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले १ (एक) जना स्टोर किपर तोक्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राखुँ पर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ ।

८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिस्टरको लगत राखी समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

९) प्रेस्क्रिप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनु पर्नेछ ।

क) औषधिको सेवन विधि र मात्रा

ख) औषधिको सेवन अवधि

ग) औषधिबाट हुन सक्ने प्रति असर

घ) औषधि सेवन अवधिभरी अपनाउनु पर्ने सावाधानी

ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि

गाउँ कार्यपालिकाको कार्यालय चिशंखुगढी गाउँपालिका सैनाँ, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

१०) औषधि वितरण गर्दा औषधि विक्री वितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानुनको पालना गर्नु पर्नेछ ।

११) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

**१८.<u>फार्मेसी सञ्चालन गर्नेः</u>**

१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ ।

२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र फार्मेसी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

**१९.<u>एम्बुलेन्स सञ्चालनः</u>**

१) अस्पतालले आफ्नै स्रोतबाट, गाउँपालिकाबाट हस्तान्तरण गरेको वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ ।

२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र चिशंखुगढी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०) बमोजिम हुनेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

**२०.आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ ।

२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देखे ठाउँमा राख्नु पर्नेछ ।

४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचार खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएका हकमा सोही बिमाबाट र बीमा नभएको वा बीमा रकम नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गरिने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिका आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

**२१.सेवा व्यवस्थापनः**

१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डि.. प्रयोगशाला, वार्डहरु, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनेछ ।

२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ।

३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देखे ठाउँमा राखेछ ।

४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

५) बिरामीले आफूले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

६) अस्पताललले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ। ८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

९) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था हुनेछ।

१०) अस्पताललले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्ध हुनेछ।

१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्य जन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग-अलग छुट्टाउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१३) अस्पताल परिसर तथा सेवा दिने कक्षाहरू, नियमित रुपमा सफासुग्घर राख्नु पर्नेछ।

१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था हुनेछ।

१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग-अलग ठाउँसहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था हुनेछ।

१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरूका लागि चौबीसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरूपको शुद्ध पानी आपूर्ति हुनेछ।

१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनु पर्नेछ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनो, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, वेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ । थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था हुनेछ ।

२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाइ सोही अनुसार मर्मत गरेको हुनेछ ।

२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनेछ ।

२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको व्यवस्था हुनेछ ।

२३) आपत्कालिन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राखे व्यवस्था हुनेछ।

२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनेछ ।

२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गर्न सक्नेछ।

२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ट नागरिक, बालबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ । साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामग्रीहरु सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

२७) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैर्नी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

## परिच्छेद-५

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैनां, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

**२२.अस्पताल सूचना प्रणालीः**

१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ।

३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक वडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

५) एम्बुलेन्स र प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट रुपमा देखिने गरी राख्नुपर्नेछ।

६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ।

(७) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नु पर्नेछ।

८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउने छ।

९) अस्पताले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस.-टु (DHIS-2) मा प्रविष्ट गर्नुपर्नेछ।

१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेका स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

**२३. गुनासो व्यवस्थापनः**

१) अस्पतालले सबैले देखे ठाउँमा सुझाव तथा उजुरी पेटीका राखे र प्रत्येक १५ (पन्ध्र) दिनमा नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको लागी छुट्टै एक अधिकारी तोक्नेछ ।

**२४. प्रेषण सम्बन्धी व्यवस्थाः**

१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर, अस्पतालमा उक्त सेवा माथिल्लो जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदा-हुँदै प्रेषण गर्न पाइने छैन।

२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ ।

६) यस दफामा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ ।

१०) अस्पतालमा प्रेषण भई आएका विरामकी डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जी सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरु उल्लेख गरी अनुसूची २ बमोजिमको डिस्चार्ज फाराम दिनुपर्नेछ ।

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैनो, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

## परिच्छेद-६
## विविध

२५.**अस्पतालको छापः** अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छापको नमुना र आकार अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२६.**अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै संगठन संरचना हुनेछ। संगठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ ।

२७. **साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती, सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२८. **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२९. **निर्देशन पालना गर्नुपर्नेः** कार्यपालिकाले दिएका निर्देशनहरूको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३०.**थप दायित्व सृजना गर्न नहुनेः** कार्यपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन ।

३१.**अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, समिति सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२.**कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु सेवाग्राही, नागरिक, समिति र अस्पतालको दायित्व हुनेछ ।

३३.**व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

**३४. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. <u>संशोधनः</u>** यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन गर्नु परेमा कार्यपालिकामा उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

**३६. <u>समायोजनः</u>** सम्बन्धित वडाको स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टर यो कार्यविधि अनुसार चिशंखुगढी आधारभूत अस्पतालमा गाभिएको/ समायोजन भएको मानिनेछ ।

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनाँ, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची-१
### दफा २१ को उपदफा ४ सँग सम्बन्धित

**<u>अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक बडापत्रको ढाँचा</u>**

| सि.नं. | शाखा/वार्ड | प्रदान गरिने सेवाको | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-२
### दफा १३ सँग सम्बन्धित

**<u>अस्पतालको छाप</u>**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि
चिशंखुगढी गाउँपालिका
आधारभूत अस्पताल, खानिभञ्ज्याङ्,
चिशंखुगढी गाउँपालिका-०२, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय चिशंखुगढी गाउँपालिका सैनी, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

## अनुसूची-३

**दफा २१ को उपदफा ११ सँग सम्बन्धित**

### <u>डिस्चार्ज फाराम ढाँचा</u>

| **चिशंखुगढी आधारभूत अस्पताल**<br>**डिस्चार्ज** | |
|---|---|
| विरामिको नाम: | उमेर: |
| बिरामीको ठेगाना: | सम्पर्क नं. |
| अस्पतालको वार्ड: | युनिट: |
| बिरामीको परिचयपत्र नं./दर्ता नं. | मिति: |
| समस्याहरु: | |
| परीक्षण विवरण: | |
| उपचारको त्रममा भेटीएका तथ्य उपचार प्रत्रिया र पद्दती: | |
| उपचार त्रममा स्वास्थ्य संस्थामा रहेको अवधि:<br>भर्ना भएका मिति र समय: | |
| उपचार सम्बन्धी विवरण: | सिफारिस औषधीको नाम,मात्रा र अवधि: |
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशन: | |
| पुन: अस्पताल आउने (Follow up) सम्बन्धी विवरण:<br>यस उपचारको त्रममा पुन अस्पताल आउनु पर्ने वा नपर्ने आउनु पर्ने मिति: | |
| अन्य आवश्यक कुराहरु: | |
| ..........................................................<br>**प्रमुख/इन्चार्जको हस्ताक्षर** | |

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

गाउँ चिशंखुगढी गाउँपालिका
कार्यपालिकाको कार्यालय
सैनी, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

## अनुसूची-४
### दफा १३ को उपदफा ६ सँग सम्बन्धित

**आधारभूत अस्पतालमा रहने जनशक्ति/कर्मचारी दरबन्दी विवरण**

| क्र. सं. | पद | श्रेणी/ तह | सेवा | समूह | दरबन्दि संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| २ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | ज.न. | ४ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ३ | हेल्थ असिस्टेण्ड | ५/६/७ | स्वास्थ्य | हे.अ. | ३ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ४ | ल्याव टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | २ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ५ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ६ | कविराज (आयुर्वेद सहायक) | ५/६/७ | स्वास्थ्य | आयुर्वेद | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ७ | डेण्टल हाइजिनिष्ट | ५/६/७ | स्वास्थ्य | डेण्टिष्ट | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ८ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ९ | सहायक पाँचौ | ५ | प्रशासन | सा.प्र. | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| १० | कार्यालय सहयोगी | विहिन | प्रशासन | सा.प्र. | ३ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| ११ | सरसफाइ कर्मी | विहिन | प्रशासन | सा.प्र. | १ | संघीय मामिला तथा सामान्य प्रशासनबाट प्रस्तावित |
| **जम्मा** | | | | | **१८** | |

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची-५

### दफा १२ सँग सम्बन्धित

### सैवा शुल्क सम्बन्धी व्यवस्था

| क्र.सं. | विवरण | शुल्क (रु) |
|---|---|---|
| १ | OPD Ticket | ५० |
| २ | Emergency | १०० |
| ३ | Bed Charge | २०० |
| ४ | Dressing Charge | १०० (Major) \| ५० (Minor) |
| ५ | X-Ray | ३५०<br>(Depending on size) |
| ६ | USG | ६०० |
| ७ | Nebulization | १०० (One Time) |
| ८ | ECG | २५० |
| ९ | ANC Profile | ५०० |

## Lab

| क्र.सं. | विवरण | | शुल्क (रु) |
|---|---|---|---|
| **१** | **CBC** | Hb : ५०, \| TC : ५०,<br>DC : ५०, \| Platelet : ५०,<br>PVC: ५०, \| RBC : ५०, | **३००** |
| **२** | **RFT** | | **३००** |
| क) | Urea | | १५० |
| ख) | Creatinine | | १५० |
| **३** | **LFT** | | **६००** |
| क) | T. Protein | | ७५ |
| ख) | S Albumin | | ७५ |
| ग) | S Bilirubin (TB+DB) | | १५० |
| घ) | SGPT (ALT) | | १०० |
| ङ) | AGOT (AST) | | १०० |
| च) | ALP | | १०० |
| **४** | ESR | | १०० |
| **५** | CRP | | १२५ |
| **६** | Uric Acid | | १०० |

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | Calcium (Ca) | | १५० |
| ८ | RA Factor | | १५० |
| ९ | Blood Grouping | | ५० |
| १० | Blood Sugar | क) Fasting | ६० |
| | | ख) P.P. | ६० |
| | | ग) RBS | १०० |
| **११** | **Lipid Profile** (TG, HDL, LDL, T. Cholesterol) | | **६००** |
| क) | TG: | | २०० |
| ख) | HDL: | | १२५ |
| ग) | LDL: | | १२५ |
| घ) | T. Cholesterol: | | १५० |
| **१२** | **Serology** ($HB_3Ag$, HVC, HIV, RPR) | | **६००** |
| क) | $HB_3Ag$: | | १५० |
| ख) | HVC: | | १२५ |
| ग) | HIV: | | १२५ (गर्भवती तथा सुत्केरीलाई निःशुल्क) |
| घ) | RPR: | | १५० |
| १३ | Urine RME | | १०० |
| १४ | Stool RME | | १०० |
| १५ | Widal Test | | २०० |
| १६ | ASO | | १५० |
| १७ | UPT Test | | १०० |
| १८ | Sputum AFB | | निःशुल्क |
| १९ | Stool for H. Pylori | | २५० |
| २० | Dengue (RDT) | | ८०० |
| २१ | BT/CT | | १०० |

**आज्ञाले,**
**सिताराम राई,**
**प्रमुख प्रशासकीय अधिकृत**

सीताराम राई
प्रमुख प्रशासकीय अधिकृत

चिसंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैनाँ, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

निशान्त शर्मा
अध्यक्ष